# सूचना - ४

## सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०७६

सर्वोच्च अदालत नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०७६"रहेको छ।

(२) यो नियमावली तुरुन्तप्रारम्भ हुनेछ।

२. **सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७६ मा संशोधन** : सर्वोच्च अदालत नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७६ को उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ :-

"(६क) पुराना मुद्दाहरुको चाँडो कारबाही किनारा गर्न प्रधान न्यायाधीशले त्यस्ता मुद्दाहरुलाई साप्ताहिक पेशी सूचीमा नचढाई दैनिक पेशी सूचीमा चढाई सुनुवाई गर्ने गरी व्यवस्था गर्न सक्नेछ ।"

३. **मूल नियमावलीको नियम ११० मा संशोधन** : मूल नियमावलीको नियम ११० को उपनियम (१) मा रहेको" कुनै अधिवक्तालाई नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि दिने विषयमा पूर्ण बैठकलाई परामर्श दिन तथा" भन्ने शब्दहरु झिकिएका छन् ।

४. **<u>मूल नियमावलीमा नियम ११०क. थप</u>**: मूल नियमावलीको नियम ११० पछि देहायको नियम ११०क. थपिएको छः-

"११०क. <u>वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समितिः</u>

(१) कुनै अधिवक्तालाई नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने विषयमा पूर्ण बैठकलाई सिफारिस गर्न अदालतमा वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति रहनेछ।

(२) उपनियम(१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका तीन जना न्यायधीश - सदस्य

(ग) सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार -सदस्य-सचिव"

आज्ञाले,
लाल बहादुर कुवर
रजिष्ट्रार